# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रामतडी, मुगु
कर्णाली प्रदेश, नेपाल


पत्र संख्याः २०८२/०८३
चलानी नं. १२६९

मितिः २०८२/१०/०२

**आधारभूत तह (कक्षा-८) परीक्षाका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचनाः**

श्री कक्षा ५ र ८ सञ्चालित सबै सामुदायिक विद्यालयहरु
खत्याड गाउँपालिका, मुगु ।

प्रस्तुत विषयमा खत्याड गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कक्षा ५ र ८ मा अध्ययन गरी शैक्षिक सत्र २०८२ सालमा सञ्चालन गरिने आधारभूत तह (कक्षा-५ र ८) को वार्षिक परीक्षामा सहभागी हुने नियमित परीक्षार्थीहरुको आवेदन फाराम भरी भराई बुझाउन हुन यो सूचना प्रकाशन गरिएको छ । परीक्षा आवेदन फाराम भरी भराई बुझाउँदा तपसिल अनुसार गर्नु गराउन हुन समेत अनुरोध छ।

(विजय ओली)
नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. विद्यार्थीहरुको वैयक्तिक विवरण (नामथर, जन्ममिति, आमा/बाबुको नामथर) जन्मदर्ता प्रमाण पत्र अनुसार पछिसम्म फरक नपर्ने गरी विद्यालयको EMIS मा सबै विवरण अनिवार्य रुपमा अध्यावधिक गर्ने ।

२. आवेदन फाराम विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Application Form मा Click गरेर विद्यार्थीको विवरण रुजु र पुनः रुजु गरी एक प्रति Print गर्ने र विद्यार्थीको हालसालै विद्यालय पोसाकमा खिचिएको फोटो Student Record Tab अन्तर्गत रहेको Students Information मा Year, Class र Section छानी Load गरी सम्बन्धित विद्यार्थीको व्यक्तिगत विवरण जन्मदर्ता प्रमाणपत्र अनुसार अध्यावधिक गरी Photo Upload गर्ने र विद्यार्थी स्वयम् तथा अभिभावकको हस्ताक्षर गराइसकेपछि प्रधानाध्यापकले प्रमाणित गर्ने र मिति २०८२ साल माघ २५ गते भित्र विद्यार्थीको अङ्ग्रेजी नामको Alphabetical Order मा फारामहरु मिलाई अनिवार्य रुपमा विद्यार्थीको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि र कक्षा ५ को हकमा कक्षा ४ र कक्षा ८ को हकमा कक्षा-७ को EMIS बाट सम्बन्धित कक्षा उत्तीर्ण गरेको ग्रेडसिटको प्रतिलिपि सहितको फाइल तयार गरी यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको Symbol Number कायम गरिसकेपछि परीक्षाको प्रवेशपत्र Print का लागि विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Admit Card मा Click गरेर प्रत्येक विद्यार्थीको दुई प्रति प्रवेशपत्र Print गर्ने र प्रवेश पत्रमा भएको विद्यार्थी हस्ताक्षर र प्रधानाध्यापकको हस्ताक्षर भएको ठाउँमा आ-आफ्नो स्थानमा हस्ताक्षर गर्ने ।

४. सबै विवरण भरी सके पश्चात समष्टिगत फारामका लागि Manage Exam को Control Sheet २ प्रति प्रिन्ट गरी प्रधानाध्यापकबाट प्रमाणित गरी विद्यालयको पत्र सहित यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

५. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० मा व्यवस्था भए बमोजिम मिति २०८२ साल फागुन २० गते भित्र विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन गरी देहायको ढाँचामा पेश गर्नुपर्नेछ ।साथै उक्त अङ्क EMIS मा प्रविष्ट समेत गर्नुपर्नेछ ।

| क्र. स. | विद्यार्थीको नाम, थर | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | हाम्रो खत्याड |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

६. परीक्षा मिति र समय सम्बन्धी थप जानकारी पछि प्रकाशन गरिनेछ । परीक्षा सम्बन्धी थप जानकारी आवश्यक भएमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ ।